त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिम्रुट, थारनेटा रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

गाउँ कार्यपालिका बैठक क्र.स.: ४३
बैठक मिति: २०८२।०६।१०

बैठक अध्यक्षता : गणेश कुमार के.सी

यस त्रिवेणी गाउँकार्यपालिकाको बैठक देहाय बमोजिम कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी, तपसिल बमोजिमका प्रस्तावहरुमा छलफल / अन्तरक्रिया / समिक्षा तथा निर्णय गरियो ।

| क्र.स. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर | कै. |
|---|---|---|---|---|
| १ | गणेश कुमार के.सी | गा.पा. अध्यक्ष | | |
| २ | राज कुमारी रेउले खड्का | गा.पा. उपाध्यक्ष | | |
| ३ | सुन्दर ओली | वडा नं. १ वडा अध्यक्ष | | |
| ४ | मोतिराम पुन | वडा नं. २ वडा अध्यक्ष | | |
| ५ | दिपेन्द्र कुमार ओली | वडा नं. ३ वडा अध्यक्ष | | |
| ६ | नन्नराम बाँठा | वडा नं. ४ वडा अध्यक्ष | | |
| ७ | रण बहादुर पुन | वडा नं. ५ वडा अध्यक्ष | | |
| ८ | भद्र बहादुर सिर्पाली | वडा नं. ६ वडा अध्यक्ष | | |
| ९ | धन बहादुर खड्का | वडा नं. ७ वडा अध्यक्ष | | |
| १० | नन्दराम खड्का | वडा नं. ८ वडा अध्यक्ष | | |
| ११ | हरि बहादुर खड्का | वडा नं. ९ वडा अध्यक्ष | | |
| १२ | शेर मान खड्का | वडा नं. १० वडा अध्यक्ष | | |
| १३ | जनक कुमार विश्वकर्मा | का.पा. सदस्य | | |
| १४ | लक्ष्मण कामी | का.पा.सदस्य | | |
| १५ | प्रेमा ओली | का.पा. सदस्य | | |
| १६ | चाँदनी पुन | का.पा. सदस्य | | |
| १७ | विष्णु सुनार | का.पा. सदस्य | | |
| १८ | देव कुमारी वुढाथोकी | का.पा.सदस्य | | |
| १९ | यज्ञ बहादुर भण्डारी | प्रमुख प्रशासकीय अधिकृत | | |

CamScanner

४३ औं बैठक

कार्यपालिका बैठक मितिः २०८२।०६।१०

# प्रस्तावहरु

१. शुभकामना आदान प्रदान सम्वन्धमा।

२. विषयगत समितिका निर्णय अनुमोदन सम्वन्धमा।

३. विविध सम्बन्धमा।

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमुद्, बारानेटा रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

यज्ञ बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

गणेश कुमार के.सी.
अध्यक्ष

CamScanner

## निर्णयहरु:

**निर्णय नं.१–** वि.सं. २०८२ सालको महान चाडपर्वहरु दशैं तिहारको अवसरमा शुभकामना आदान प्रदान गर्नुका साथै देहाय बमोजिमका निर्णय पारित गरियो।

- चाडपर्व लक्षित अनियन्त्रित क्रियाकलाप हुन नदिने
- अति विपन्न तथा असहाय विपद् प्रभावित परिवारलाई वडा कार्यालवाट आवश्यक खाद्यान्न सामग्री उपलब्ध गराउने।
- राजस्व दाखिला तथा आर्थिक गतिविधिलाई प्रभावकारी बनाउने।
- दशै तिहारको विदामा नगर प्रहरी र अन्य कर्मचारीलाई पालोपहरामा खटाउने।
- बजारमा हुनसक्ने कालोबजारी आवतजावतमा सहज उपभोग्य सामग्रीको आपुर्ति सम्बन्धमा प्रत्येक वडामा वडा अध्यक्षको संयोजकत्वमा बजार व्यवस्थापन समितिको पदाधिकारी, व्यवसायी, स्थानीय राजनीतिक दल, युवा क्लबका पादाधिकारीको प्रतिनीधित्व हुनेगरी समन्वय तथा सहजीकरण समिति गठण गर्ने।
- चाडपर्व अगाडी पालिकाभरिका मोटरबाटो सरसफाई गर्ने साथै सार्विजनिक स्थल सहिद पार्क सरसफाई तथा सजावट गर्ने निर्णय गरियो।
- सिम्रुतु झुल्नेटा नुवाकोट प्रहरी चौकीलाई मौलो पुजा स्वरुप रु १५००० अक्षरुपी पन्ध्र हजारको दरले रकम उपलब्ध गराउने।

**निर्णय नं.२–** गाउँपालिका अन्तरगतका देहायका विषयगत समितिले पारित गरेका छलफल तथा निर्णयहरु अनुमोदन गरी कार्यान्वयन गर्ने निर्णय पारित गरियो

**स्वास्थ्य व्यवस्थापन समितिः** समितिवाट पारित मातृ तथा पेरिनेन्टल प्रतिकार्य समिति गठणको लागी अनुमोदन गर्नुका साथै आमा समूहको बैठकमा सम्वन्धित स्वास्थ्य संस्थावाट एकजना स्वास्थ्यकर्मी प्रतिनीधी अनिवार्य हुनुपर्ने।

**सुशासन समितिः** सबैका लागी दिगो खानेपानी सरसफाई तथा स्वच्छता आयोजना र त्रिवेणी गाउँपालिका बीच भएको समझदारी अनुसार कार्यक्रम सञ्चालनका लागी आवश्यक पर्ने जनशक्ति व्यवस्थापनका क्रममा परीक्षा मूल्यांकन समितिले गरेको सिफारिसको आधारमा वास व्यवस्थापन समितिले गरेको अन्तिम नतिजा प्रकाशन सम्बन्धी निर्णयमा वास संयोजक पदमा गुनासो पर्न आएको हुँदा उक्त गुनासो व्यवस्थापन गर्न यस गाउँपालिका अन्तर्गतको विषयगत समिति मध्ये सुशासन समितिलाई अध्ययन तथा अनुसन्धान गरी ७ दिन भित्र प्रतिवेदन पेश गर्नेगरी गाउँ कार्यपालिकाको मिति २०८२।०५।१५ गतेको निर्णय बमोजिम जिम्मेवारी दिइएकोमा सुशासन समितिवाट तोकिएको मिति भित्र प्रतिवेदन पेश हुन आएको हुँदा उक्त प्रतिवेदन अनुसार पदपूर्ति समितिले गरेको मूल्यांकन प्रक्रियागत नियमसंगत नै संचालन भए गरेको र पदपूर्ति समितिको निर्णय तथा मूल्यांकन त्रिवेणी गाउँपालिकाको खानेपानी सरसफाई तथा स्वच्छता व्यवस्थापन समिति WASH MC वाट समेत अनुमोदन भई वास संयोजक वाहेकका कर्मचारीहरुलाई करार सम्झौता गरी कामकाजमा लगाईसकिएको र वास संयोजकको हकमा कात्तिक १ गतेसम्म कुनै न्यायिक निकायवाट जानकारी वा निर्देशन नआएको खण्डमा गाउँपालिका WASH MC को बैठकवाट निर्णय पुनर्विचार गर्ने निर्णय

यज्ञ वहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सिम्रुतु, खारानेटा रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३

गणेश कुमार के.सी.
अध्यक्ष

CamScanner